## प्रश्न नं. २९

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं. ३४१६ देखि ३५३७ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

राजकिशोर मण्डलको जाहेरीले नेपाल सरकार
विरुद्ध
जिल्ला महोत्तरी जलेश्वर न.पा. वडा नं. ५ बस्ने नवल किशोर मण्डल

मुद्दाः ज्यान सम्बन्धी कसूर

१. जिल्ला महोत्तरी जलेश्वर न.पा. वा.नं. १३ स्थित रातो नदिको किनारमा लाश उत्तर टाउको दक्षिण खुट्टा पूर्व कोल्टे अवस्थामा रहेको सो देखि १० फिट टाढा १ फिट गहिरो २ फिट चौडाई भएको केही दिन पहिला खनिएको खाल्टो रहेको सो देखि दक्षिण १०० फिट टाढा नदीको किनारामा रहेको झारपातमा रगत लागेको देखिएको, उक्त लाशको गर्दनको भाग फेदमा काटी टाउको तथा घाँटीको भाग नभएको मृतकको शरीरमा कुनै वस्त्र नभएको मृतकको लिङ्ग फेदमा काटी सो ठाउँवाट सेतो मासु देखिएको मृतकको दुइ वटै अण्डकोष वाहिर निस्केको झुण्डी रहेको अवस्थामा रहेको भन्ने समेत व्यहोराको घटनास्थल तथा लाश जाच मुचुल्का ।

२. मिति २०७६।०८।०४ गते देखि मेरो छोरा वर्ष २१ को लोकेन्द्र मण्डल हराएको र जलेश्वर १३ स्थित रातो नदीको किनारामा १ जना मानिसको शीर लिङ्ग विनाको लाश प्रहरीले फेला पारी पोष्ट मार्टम लगायतको अनुसन्धान कार्य पुरा गराइ नगरपालिका कार्यालय मार्फत सदगत गराएको हुदा उक्त लाश मेरो छोरा लोकेन्द्र मण्डलको हुन सक्ने हुँदा यस कार्यालयवाट देखाइपाऊँ भन्ने समेतको राजकिशोर मण्डलको निवेदन ।

३. मिति २०६०।१२।७ गते मेरो छोरा हराएकोमा जलेश्वर १३ स्थित रातो नदीको किनारामा फेला परेको नगरपालिकाद्वारा सदगत भएको लाश हेरिपाऊँ भनी निवेदन दिएको अनुसार उक्त लाश गाडेको स्थानमा लगी नगरपालिका तथा प्रहरी कर्मचारी समेतको रोहवरमा देखाउदा हेरी चिने उक्त लाश मेरो छोरा लोकेन्द्र मण्डलकै लाश हो भन्ने समेत व्यहोराको राजकिशोर मण्डलले गरि दिएको सनाखत कागज ।

४. जिल्ला महोत्तरी जलेश्वर नगरपालिका १३ स्थित रातो नदीको किनारामा राम सिकिल साहको खेतको उत्तरपट्टिको किनारामा खनेको देखिएको सो ठाउँको माटो हटाइ हेर्दा मृतकको टाउको देखिएको सो टाउको गाडेको ठाउँ २ फिट गहिराई ४ फिट चौडाई रहेको सो ठाउँ देखि २ मिटर फरकमा ३३ इन्च लामो विड भएको कोदालो रहेको उक्त टाउकोमा डेढ इन्च लामो कालो कपाल रहेको सो कपालको केही भाग खाल्टोमा झरेको देखिएको दुवै आँखा खुल्ला अवस्थामा रहेको नाकमा माटो लागेको देखिएको चिउडो देखि तल घाटी सम्मको भाग रहेको उक्त टाउको स्थानीय मानिसहरु तथा जाहेरवाला र प्रतिवादी नवलकिशोर मण्डल र कल्याणी देवी समेतले लोकेन्द्र मण्डलकै टाउको हो भनी सनाखत गरिएको टाउको वरामद भएको मुचुल्का ।

## प्रश्न नं. २९

५. मिति २०६०।१२।९ गते जलेश्वर न.पा.वार्ड न. १३ स्थित रातो नदीको किनारामा फेला पारेको लाश मेरो छोरा लोकेन्द्र मण्डलको हो र निज छोरालाई हत्या गर्ने नवल किशोर मण्डल र निजको श्रीमती कल्याणी देवी मण्डल समेतले काकाको धन हात पार्ने नियतले हत्या गरेको भनी बुझिएको हुँदा निज नवल किशोर मण्डल लाई पक्राउ गरी सोधपुछ गर्दा म तथा मेरी श्रीमती कल्याणी देवी मण्डल, ससुरा चौधरी भन्ने रामखेलावन मण्डल र सालो फुलगेन मण्डल समेतले हत्या गरेको टाउको गाडेको स्थान समेत देखाइ दिएकोले उक्त टाउको वरामद भएको मुचुल्का गरी निज नवलकिशोर मण्डललाई पक्राउ गरी दाखिला गरेका छौं कानून बमोजिम कारवाही गरिपाऊँ भन्ने समेत व्यहोराको प्र.नि. हरिहर श्रेष्ठको प्रतिवेदन ।

६. मेरो छोरा वर्ष २१ को लोकेन्द्र मण्डल लाई नवलकिशोर मण्डल, कल्याणी देवी मण्डल , निज नवल किशोरको ससुरा चौधरी भन्ने राम खेलावन मण्डल र निजको सालो फुलगेन मण्डल समेत भई मेरो धन हात पार्ने नियतले मिति २०७६।०८।०४ गते राती आवं २०.०० वजेको समयमा जलेश्वर १३ स्थित रातो नदी किनारामा लगी कोदालोले घाटी काटी र लिङ काटी हत्या गरेको हुँदा कानून बमोजिम गरिपाऊँ भन्ने समेत व्यहोराको राजकिशोर मण्डलको जाहेरी दरखास्त ।

७. टाउकोको घाटी पछाडिपट्टि काटेको भन्ने समेत व्यहोराको पोष्टमार्टम रिपोट ।

८. मेरो वुवा राम तलवेर मण्डल म सानै हुदा स्वर्गवास हुनुभयो मेरो घरको रेख देख मेरो काका राजकिशोर मण्डलले गर्नु हुन्थ्यो । काकाले मलाई १० कक्षा मात्र पढाए पछि मलाई हेर विचार गर्न छोडनु भयो र मेरो आमाको नाउमा जम्मा १० कट्टा जमिन मात्र राखी वाँकी जग्गाहरु आफ्नो नाउँमा राख्नुभयो । मेरो भाई वहिनी समेत नावालक भएकोले मैले नै घरको हेरचाह गर्नुपर्ने हुँदा म आर्थिक अभावले गर्दा विदेश साउदी अरव मजदुरी गर्न गएँ सो जानु भन्दा पहिला मेरो श्रीमती घरमै वस्दथिन । म विदेश साउदी अरववाट आएपछि मलाई श्रीमतीले निज राजकिशोर मण्डलको छोरा लोकेन्द्र मण्डलले इज्जत लुटने प्रयास गरेको भनी मलाई भने पछि मलाई रिस उठी मेरो ससुरा चौधरी मण्डल भन्ने रामखेलावन मण्डल, जेठान फुलगेन मण्डल समेतसंग सो सल्लाह तथा निज लोकेन्द्र मण्डलको हत्या गर्ने सन्दर्भमा छलफल गर्दा निज काका राजकिशोर मण्डलले परिवार नियोजन गरेको र निजको छोरा १ मात्र लोकेन्द्र मण्डल भएकोले निजलाई हत्या गर्दा निजको चल अचल सम्पति सवै मेरै हुने हुँदा निज लोकेन्द्र मण्डलको जसरी पनि हत्या गर्ने पूर्व योजना अनुसार सहमति भइ मिति २०७६।८।४ गते राती निज लोकेन्द्र मण्डललाई जलेश्वर १३ स्थित रातो खोलाको छेउमा लगी म र मेरो श्रीमती कल्याणी देवी, ससुरा चौधरी भन्ने राम खेलावन मण्डल र मैले निज लोकेन्द्रको घाँटी काटी हत्या गरे पछि मैले लिङ्ग काटी हत्या गरेको हुँ मेरो श्रीमती र ससुराले हात खुट्टा समाई सवै जना मिली निज लोकेन्द्र मण्डलको हत्या गर्ने काम समाप्त गरे पछि टाउको विनाको शरीर खोलामा फाली दिएको र टाउको खाल्टो खनी गाडेको हो भन्ने समेत व्यहोराको प्रतिवादी नवलकिशोर मण्डलको साविती वयान ।

९. जाहेरवालाको छोरा लोकेन्द्र मण्डलले मेरो पति विदेश गएको मौका छोपी मलाई पटकपटक मेरो इज्जत लुट्ने प्रयास गरेको हुँदा मैले सो कुरा मेरो वुवा रामखेलावन मण्डल र दाजु फुलगेन मण्डल लाई भन्दा मेरो वुवा र निज दाजु फुलगेनले ज्वाई नवलकिशोर विदेशवाट आएपछि सर सल्लाह गरी निज लोकेन्द्र मण्डललाई खतम गर्नुपर्छ त्यसो गरे पछि निजको श्रीसम्पति सवै हाम्रो हुन्छ भन्ने सल्लाह दिएको र मेरो पति नवलकिशोर साउदी अरववाट घरमा आएपछि निज लोकेन्द्र मण्डलले मेरो इज्जत लुट्ने प्रयास गरेको हुँदा सो कुरा निज पतिलाई सुनाए पश्चात निज पति

र म तथा मेरो वुवा र दाजु फुलगेन मण्डल समेत भई निज लोकेन्द्र मण्डलको वारेमा छलफल गर्दा निजको जसरी भए पनि हत्या गर्नुपर्छ भन्ने कुरामा चारै जना सहमत भएकोले सोही अनुसार मिति २०६०।१२।७ गते लोकेन्द्र मण्डललाई मैले घरवाट वोलाई जलेश्वरमा लगी सोही रात अ। २०।०० वजेको समयमा पुर्व योजना अनुसार जलेश्वर १३ स्थित रातो खोलाको किनारामा लगी म तथा मेरो पति वुवा र दाजु फुलगेन मण्डल समेत भई कोदालोले निज लोकेन्द्र मण्डलको घाँटी काटी हत्या गरी शरीर रातो खोलाको पानीमा फाली दिएको र टाउको केही पर खेतमा खाल्टो खनी गाडी निज लोकेन्द्र मण्डलको हत्या गर्ने कार्य सम्पन्न गराएको हो भन्ने समेत व्यहोराको प्रतिवादी कल्याणी देवी मण्डलको साविती वयान ।

१०. फरार रहेका प्रतिवादी रामखेलावन मण्डल र फुलगेन मण्डल हाल गाउँ घरमा छैनन् भारत तर्फ गइ लुकी छिपी वसेको हुँदा फेला नपरेको भन्ने समेत व्यहोराको पत्र ।

११. माथि उल्लेखित सवुद प्रमाणको आधारमा प्रतिवादीहरु नवलकिशोर मण्डल, कल्याणी देवी मण्डल, चौधरी भन्ने राम खेलावन मण्डल र फुलगेन मण्डलले मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा १७७ (१) वमोजिमको कसूर गरेको हुँदा सोही ऐनको दफा १७७(२) बमोजिम सजाय गरिपाऊँ भन्ने व्यहोराको अभियोगपत्र ।

१२. प्रतिवादीहरुको अदालतको बयान

१३. प्रतिवादीका साक्षीहरुको बकपत्र र घटना विवरण कागज गर्ने व्यक्तिहरुको बकपत्र

१४. महोत्तरी जिल्ला अदालतवाट भएको फैसला ।

१५. उच्च अदालत जनकपुरमा पेश भएको पुनरावेदनपत्र